परवानीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४ | संख्याः५ | मितिः- २०७९।०४।२३ गते

भाग-२

**परवानीपुर गाउँपालिका**

## जनप्रतिनिधि तथा कर्मचारी स्वास्थ्य उपचार कल्याणकोष संचालन ऐन, २०७९

**गाउँसभा स्वीकृत मितिः-२०७९।०३।३१ गते**

प्रस्तावनाः-

परवानीपुर गाउँपालिकामा कार्यरत जनप्रतिनिधि एवम कर्मचारीहरुको अकास्मात कुनै प्रकारका दुर्घटना वा असामान्य रोग लागेमा आर्थिक सहयोग गर्ने अभिप्रायले परवानीपुर गाउँपालिका अन्तर्गत एउटा स्वास्थ्य उपचार कल्याण कोष सञ्चालन ऐन तयार गरी लागू गरीएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः-**

**क.** यस ऐनको नाम स्वास्थ्य उपचार कल्याण कोष सञ्चालन ऐन,२०७९ रहेको छ।

**ख.** यो ऐन परवानीपुर गाउँ कार्यपालिकाको बैठकले पारित गरेको मितिदेखि लागू हुने छ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

**क.** ऐन भन्नाले स्वास्थ्य उपचार कल्याणकोष सञ्चालन ऐन, २०७९ लाई सम्झनु पर्छ।

**ख.** कर्मचारी भन्नाले परवानीपुरगाउँपालिका कार्यरत सम्पूर्ण कर्मचारीलाई सम्झनु पर्छ।

**ग.** जनप्रतिनिधि भन्नाले परवानीपुर गाउँपालिकामा निर्वाचित वहालवाला जनप्रतिनिधिलाई सम्झनु पर्छ।

३. कार्य समितिको गठनः- यस कल्याण कोषको सञ्चालन एवम् व्यवस्थापनका लागि पाँच सदस्यीय एक कार्य समिति रहने छ।

**क.** परवानीपुर गाउँपालिकाले तोकेको कार्यपालिका सदस्य -अध्यक्ष

**ख.** कार्यपालिकाले तोकेको जनप्रतिनिधि मध्ये २ जना -सदस्य

**ग.** गाउँपालिकाका कर्मचारीहरूमध्ये वाट कर्मचारीहरूको बैठकले तोकेको १ जना सदस्य

**घ.** स्वास्थ्य शाखाको प्रमुख -सदस्य सचिव

४. संरक्षकः- कोषको संरक्षकमा यस परवानीपुर गाउँपालिकाका गा.पा.अध्यक्ष रहने छन।

५. सल्लाहाकारः- कार्य समितिलाई आवश्यक सल्लाह सुझाव दिन एक सल्लाहाकार समिति रहने छ।

**क.** गा.पा. उपाध्यक्ष

**ख.** प्रमुख प्रशासकीय अधिकृत

६. कार्य समितिको बैठकः कार्य समितिको बैठक आवश्यकता अनुसार बस्ने छ।

७. कार्यकालः कार्य समितिको कार्यकाल २ वर्ष रहने छ।

८. साधारण सदस्य परवानीपुर गाउँपालिकाका निर्वाचित पदाधिकारी एवं कार्यरत सम्पूर्णकर्मचारीहरु यसका साधारण सदस्य रहने छन्।

९. सदस्यता प्राप्तः- यस कोषको साधारण सदस्यता प्राप्त देहाय बमोजिम हुने छ।

**क.** निर्वाचित जनप्रतिनिधिहरु एवं कार्यरत कर्मचारीहरु स्वतः यस कोषको साधारण सदस्य रहने छन्।

१०. सदस्यताको समाप्तिः- यस कोषको सदस्यताको समाप्ति देहाय बमोजिम हुने छ।

**क.** निर्वाचित जनप्रतिनिधिहरुको कार्यकाल समाप्त भएमा। (स) कर्मचारिको हकमा यस गाउँपालिकामा कार्यरत नरहेमा।

**ख.** कर्मचारिको हकमा यस गाउँपालिकामा कार्यरत नरहेमा।

**ग.** निजको मृत्यु भएमा।

११. शेष आर्थिक स्रोतः कोषको आर्थिक स्रोत देहाय वमोजिम हुने छ।

**क.** कोषको स्थापनाको लागि गाउँपालिका वाट रु. ५लाख (अक्षेरेपी पाँच लाख मात्र) रकम पहिलो पटक प्राप्त हुनेछ।

**ख.** गाउँपालिकाले कोषको आवश्यकता र अवस्था हेरी थप रकम जम्मा गर्ने जान सक्ने छ।

१२. कोषको खाता सञ्चालनः- यस कोषको खाता सञ्चालन देहाय वमोजिम हुने छ।

**क.** गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा हेर्ने अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ।

१३. कोषको सञ्चालनः यस कोषको परिचालन निम्नानुसार हुने छ।

**क.** मुटु रोग,क्यान्सर,मृगौला सम्बन्धी रोग,पक्षाघात,जस्ता गम्भीर प्रकृतिको रोग लागेर बिरामी भएको वा दुर्घटनामा परी गम्भीर घाइते भई अशक्त भएको अवस्थामा कोषको रकम बाट सहयोग गरिने छ । तर यस्तो सहयोग प्रदान गर्दा नेपाल सरकारवाट स्वस्थ्य विमा सुविधा तथा निःशुल्क उपचार गर्ने व्यवस्था भाएकोमा त्यस्तो विरामी र एक जना कुरुवा लाई स्वस्थ्य संस्थामा जान आउनका लागि वर्षमा एक पटक सम्म आतेजाते वापतको रकम भुक्तानी गरिनेछ।

**ख.** कोषको रकम माग गर्ने सदस्य आफै वा आफ्ना नजिकको आफन्त मार्फत आफ्नो डाक्टरको जाँचको प्रतिवेदन(मेडिकल रिपोर्ट) सहितक कल्याणकोष सञ्चालक समिति समक्ष निवेदन दिनु पर्ने छ।

**ग.** कल्याणकोष सञ्चालन समितिले प्राप्त निवेदन उपर छानविन गरी औचित्य हेरी कार्यपालिकामा सिफारिश गर्नु पर्ने।

**घ.** सिफारिसका आधारमा कार्यपालिकाको बैठक बाट निवेदकको रोगको अवस्था, दुर्घटनाको अवस्था र निजको आर्थिक अवस्था समेत हेरेर उचित निर्णय गर्नु पर्ने छ।

**ङ.** निवेदनको रोगको वा दुर्घटनाको अवस्था हेरेर सहयोग रकम सामान्यतया यस प्रभार हुनेछ।

**अ.** सहयोग रकम सदस्यहरू लाई मात्र उपलब्ध हुनेछ।

**आ.** रु. ५० हजारदेखि रु.१ लाख सम्म को लागतमा कूल लागतको ५०%

**इ.** रु. १लाख देखि माथि रु. २ लाख सम्मको लागतमा कुल लागतको ५०%

**ई.** रु. २लाख देखि माथि रु. ३ लाख सम्मको लागतमा कुल लागतको ४०%

**उ.** रु. ३लाख देखि माथि रु. ४ लाख सम्मको लागतमा कुल लागतको ३०%

**ऊ.** रु. ४लाख देखि माथि रु. ५ लाख सम्मको लागतमा कुल लागतको २०%

च. माथि उल्लेखित अवस्था बाहेक कुनै पनि जनप्रतिनिधि कर्मचारीको मृत्यु भएमा एकमुष्ठ ६० हजार रुपया सहयोग गरिनेछ।

माथि उल्लेखित दफा ङ मा जे भनिएता पनि माथिको सहयोग रकमको हिसाब गर्दा प्रत्येक नम्बर को बेग्लाबेग्लै हिसाब निकाली जोड गरिने छ। जति पटक भएपनि एक कार्यकाल अवधिभर वढीमा रु.१लाख ५० हजार सम्म मात्र सुविधा उपलब्ध गराइने छ।

छ. प्रत्येक जनप्रतिनिधिको कार्यकाल अवधिभरिका लागी रु दुइ लाखको बिमा कलयाण कोषबाट गरिने छ ।
माथि उल्लेखित दफा छ मा जे भनिएता पनि विमाको रकम जनप्रतिनिधिको कार्यकाल सकेपछी सो बाप्त आउने रकम गाउँपालिकाको सिफारिसमा स्वम जनप्रतिनिधिको हुने गरि भुतानिको लागी पालिकाले पहल गरने छ । साथै सो विमाको रकम प्राप्त गर्नको लागी पालिको कुनै किसिको बेरुजु तथा पेशकि नभएको हुनु पर्ने ।

१४. **बाधा अड्काउ फुकाउम अधिकारः यस ऐनमा व्यवस्था भएको विषय नेपालको संविधान र प्रचलित कानुन सँग बाझिएमा, बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।**

गाउँ सभाबाट अनुमोदन मितिः-२०७९/०३/३१ गते
प्रमाणिकरण मितिः- २०७९।०४।२३ गते

आज्ञाले
मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत